# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको
# नवौं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

## १. वैधानिक सभा :

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. को मिति २०७८/०८/०१ गते बसेको सञ्चालक समितिको ११८ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सन्जिब मानन्धरज्यूको अध्यक्षतामा निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल एवं निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

मिति : २०७८ मंसिर २४ गते शुक्रबार ।
समय : बिहानको ११:३० बजे प्रारम्भ भई २:०० बजे समापन ।
स्थान : होटल वाटर टावर, विदुर -४, बट्टार, नुवाकोटको सभा कक्ष ।

## २. उपस्थिति :

(क) सञ्चालकहरूको उपस्थिति :

| क्र.सं. | विद्यमान सञ्चालकहरूको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १ | श्री सन्जिब मानन्धर | अध्यक्ष | प्राइम कमर्सियल बैंक लि., कमलपोखरी, काठमाडौं | ७,००,००० |
| २ | श्री कल्याण बिक्रम पाँण्डे | सञ्चालक | ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाडौं | १४,००,००० |
| ३ | श्री राजा अर्याल | सञ्चालक | ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाडौं | |
| ४ | श्री सजना मानन्धर | सञ्चालक | कुमारी बैंक लि., नक्साल, काठमाडौं | ७,००,००० |
| ५ | श्री बद्री प्रसाद पुडासैनी | सञ्चालक | सर्वसाधारण समूह | ५१५ |
| ६ | श्री ज्ञानुकृष्ण अधिकारी | सञ्चालक | सर्वसाधारण समूह | ३०४ |

(ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :

| क्र.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री रामहरि दाहाल | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., बट्टार, नुवाकोट |
| २ | श्री नबराज दाहाल | नायव प्रमुख कार्यकारी अधिकृत | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., बट्टार, नुवाकोट |

(ग) शेयरधनीहरूको उपस्थिति विवरण :

वित्तीय संस्थाको कूल शेयरधनी संख्या यस प्रकार रहेको छ ।

संस्थापक शेयरधनीको संख्या : ८४ (चौरासी)
सर्वसाधारण शेयरधनीको संख्या : ५१,१५३ (एकाउन्न हजार एक सय त्रिपन्न) रहेकोमा सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

| बिक्री भएको कूल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा |
|---|---|---|---|---|---|
| १,००,००,००० | ६९,४०,००० | ३०,६०,००० | १३ | ३४ | ४७ |

## ३. सभाको वैधानिकता :

(क) सभाको बारेमा सार्वजनिक सूचना :

कम्पनी ऐन २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि मितिः २०७८ मंसिर २ गते र ३ गते राष्ट्रिय दैनिक पत्रिका "कारोबार" मा प्रकाशित गरिएको र मिति २०७८/०८/०८ गतेसम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरूलाई आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना, सभाको प्रवेशपत्र तथा प्रोक्सी फारामहरू यस संस्थाको Website मार्फत सार्वजनिक गरिसकिएको ब्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट जानकारी गराइयो ।

MERO MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. ★ CORPORATE OFFICE, BATTAR, NUWAKOT ★ Estd. 2069

(ख) गणपूरक संख्या :

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०७८ मंसिर ०८ मा कायम शेयरधनीहरू तथा उनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरू | ८४ | ६९,४०,००० | |
| २ | सर्वसाधारण शेयरधनीहरू | ५१,१५३ | ३०,६०,००० | |
| | जम्मा | ५१,२३७ | १,००,००,००० | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपूरक संख्या (कम्पनीको शेयरधनीहरू स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको साधारण शेयरहरूको संख्या) देहायबमोजिम रहेको ब्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट अवगत भयो र उपस्थित शेयरधनीहरूले उपरोक्त ब्यहोरा जानकारी लिँदै सभा कानुन बमोजिम बोलाइएको हुँदा पूर्वसूचित प्रस्तावहरूमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

| बिक्री भएको कूल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १,००,००,००० | ६९,४०,००० | ३०,६०,००० | ५७,४९,०३० | ९२,३१९ | ५८,४१,३४९ | ५८.४१ |

## ४. सभामा प्रस्तुत छलफलका विषयहरू :

शेयरधनीहरूको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरूलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिएबमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरू देहायबमोजिम रहेका थिए ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा मिति २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने ।



MERO MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. CORPORATE OFFICE, BATTAR, NUWAKOT Estd. 2069

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/७९ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक श्री एस एण्ड एस एसोसियट्स पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)

४. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम २०७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको १.०५२६३१६ प्रतिशतले हुन आउने नगद लाभांश रू. १०,५२६,३१६/- (अक्षेरेपी एक करोड पाँच लाख छब्बीस हजार तीन सय सोह्र रुपैया मात्र ।), बोनस शेयरको कर प्रयोजनका लागि दिने प्रस्तावमाथि छलफल गरी पारित गर्ने ।

५. संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिबाट पारित भएबमोजिम २०७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको २० प्रतिशतले हुन आउने रकम रू. २००,०००,०००/-(अक्षरेपी बीस करोड मात्र ।) बराबरको बोनस शेयर जारी गर्ने ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (क), (ख) र (ग) तथा नियमावलीको नियम ३२ (१) (ख) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

३. वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थालाई गाभ्न वा प्राप्ति (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

(ग) विविध ।

## ५. सभाको सभापतित्व तथा उद्घाटन :

यस वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकोले कम्पनी ऐन २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सन्जिब मानन्धरज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध गरियो र त्यसै अनुरूप उहाँले सभाको सभापतित्व गर्नु भयो । तत्पश्चात् सभापति महोदयले पानसमा बत्ती बाली सभाको उद्घाटन गर्दै सभाको कार्यक्रम अघि बढाउनुभयो ।

६. स्वागत मन्तव्य :

सभापतिज्यूको अनुमति लिई संस्थाका कम्पनी सचिव श्री रामहरि दाहालले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरू एवं अन्य आमन्त्रित महानुभावहरूलाई हार्दिक स्वागत गर्नुभयो ।

७. नवौं वार्षिक प्रतिवेदन प्रस्तुत :

सभाको कामकारबाही शुरु गर्ने क्रममा सञ्चालक समितिकातर्फबाट अध्यक्ष श्री सन्जिब मानन्धरज्यूले शेयरधनीहरूलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनुभयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा मिति २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण साधारण सभा समक्ष छलफल तथा निर्णयको रूपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०७७/७८ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०७८/७९ को भावी योजना तथा अन्य कार्यक्रमहरूका बारेमा विवरणहरू प्रस्तुत गर्नुभयो । त्यसका साथै अन्त्यमा धन्यवाद ज्ञापन गर्नुहुँदै शेयरधनीहरूको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

८. साधारण सभामा उठेका जिज्ञासा एवं प्रत्यूत्तर :

(क) संस्थापक शेयरधनी प्राइम कमर्सियल बैंक लि. का प्रतिनिधि श्री राजु ढकालले हाल देखिएको तरलता संकटले वित्तीय संस्थाको लागतमा वृद्धि हुने हुनाले संस्थाको नाफामा असर पर्न सक्ने बताउनु भयो ।

(ख) सर्वसाधारण शेयरधनी श्री पुष्कर घिमिरेले संस्था स्थापनाको यति छोटो अवधिमै समकक्षी संस्थाको तुलनामा यस संस्थाले गरेको प्रगति सरहानीय रहेको बताउदै आगामी दिनमा अझ प्रगति गर्न हौसला प्रदान गर्नु भयो ।

शेयरधनीका प्रतिनिधिले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका सभापतिले देहाय बमोजिमको जवाफ दिनुभयो ।

(क) हाल देखिएको तरलता संकटलाई न्यूनीकरण गर्नका लागि वित्तीय संस्थाले आन्तरिक स्रोत व्यवस्थापनमा जोड दिएको साथै तरलता संकट कम हुने वित्तीकै संस्थाले गुणस्तरीय व्यवसायमा आक्रामक वृद्धि गरी लक्ष्य अनुसारको नाफा हुनेमा विश्वास दिलाउनु भयो ।

(ख) सर्वसाधारण शेयरधनीको हौसलालाई धन्यवाद दिंदै आगामी दिनमा अझ प्रगति हुने कुरामा विश्वास दिलाउनु भयो ।

शेयरधनीका प्रतिनिधिले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्षज्यूले जवाफ दिनुभएपछि छलफलको क्रम समाप्त भएको कम्पनी सचिवले सभामा जानकारी गराउनुभयो ।

## ९. सभाका निर्णयहरू :

आजको सभामा शेयरधनी महानुभावहरूले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्वसूचित प्रस्तावहरूलाई क्रमशः पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरू उपर सभाका शेयरधनीहरूको सर्वसम्मत निर्णयबाट देहाय बमोजिम पारित गरियो ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा मिति २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू सर्वसम्मतिले पारित गरियो ।

३. आ.व. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम श्री एस एण्ड एस एसोसियट्स (श्री सुधिर शर्मा) लाई नियुक्त गर्ने र निजलाई वैधानिक लेखापरीक्षणको पारिश्रमिक स्वरूप रू. १०,००,०००/- (अक्षरेपी दश लाख मात्र) कर सहित प्रदान गर्ने सर्वसम्मतिले पारित गरियो ।

४. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम २०७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको १.०५२६३१६ प्रतिशतले हुन आउने नगद लाभांश रू. १०,५२६,३१६/- (अक्षेरेपी एक करोड पाँच लाख छब्बीस हजार तीन सय सोह्र रुपैया मात्र ।), बोनस शेयरको कर प्रयोजनका लागि दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५. संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन कार्यक्रम अनुसार श्री सन्जिब मानन्धर (प्रतिनिधि : प्राइम कमर्सियल बैंक लि.), श्री सुमित बाबु खत्री (प्रतिनिधि : सिटिजन्स बैंक इन्टरनेसनल लि.), श्री कल्याण बिक्रम पाँण्डे (प्रतिनिधि : ग्लोबल आइएमई बैंक लि.) र श्री सजना मानन्धर (प्रतिनिधि : कुमारी बैंक लि.) सञ्चालकमा निर्विरोध निर्वाचित भएको ब्यहोरा निर्वाचन अधिकृतबाट जानकारी भयो ।

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिबाट पारित भएबमोजिम २०७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको २० प्रतिशतले हुन आउने रकम रू. २००,०००,०००/-(अक्षरेपी बीस करोड मात्र ।) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (क), (ख) र (ग) तथा नियमावलीको नियम ३२ (१) (ख) मा आवश्यक संशोधन गर्ने सम्बन्धी तपसिल बमोजिमको विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो । साथै प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय समेत सर्वसम्मतिले गरियो ।

तपसिल :

प्रबन्धपत्रको प्रस्तावित संशोधनको तीन महले विवरण

| साविक | प्रस्तावित संशोधन | कारण |
|---|---|---|
| ६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :- | ६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :- | |
| (क) वित्तीय संस्थाको अधिकृत पूँजी रू. १,५०,००,००,०००/- (अक्षरेपी एक अर्ब पचास करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका १,५०,००,००० (एक करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | (क) वित्तीय संस्थाको अधिकृत पूँजी रू. २,००,००,००,०००/- (अक्षरेपी दुई अर्ब मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका २,००,००,००० (दुई करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । | संस्थाको अधिकृत पूँजी बढाउन आवश्यक भएकाले । |
| (ख) वित्तीय संस्थाको जारी पूँजी रू. १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब मात्र) हुनेछ । | (ख) वित्तीय संस्थाको जारी पूँजी रू. १,२०,००,००,०००/- (अक्षरेपी एक अर्ब बीस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका १,२०,००,००० (एक करोड बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. १,२०,००,००,०००/- (अक्षरेपी एक अर्ब बीस करोड मात्र) हुनेछ । | संस्थाले २० प्रतिशतले हुन आउने रकम रू. २०,००,००,०००/- (अक्षरेपी बीस करोड मात्र) बराबरको बोनस शेयर जारी गरी चुक्ता पूँजी वृद्धि गर्न प्रस्ताव गरिएकाले । |

नियमावलीको प्रस्तावित संशोधनको तीन महले विवरण

| साविक | प्रस्तावित संशोधन | कारण |
|---|---|---|
| ३२. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था : (१) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोकेअनुसार देहाय बमोजिम हुनेछ :-<br><br>(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रू. ६०००/- र रू. ५५००/- हुनेछ । साथै सञ्चालकहरूलाई पत्रपत्रिका र सञ्चार खर्च बापत मासिक क्रमशः रू. ३,०००/- र रू. १५००/- प्रदान गरिनेछ । | ३२. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था : (१) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोकेअनुसार देहाय बमोजिम हुनेछ :-<br><br>(ख) सञ्चालक समितिको बैंठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रू. ११,०००/- र रू. १०,०००/- हुनेछ । साथै सञ्चालकहरूलाई पत्रपत्रिका र सञ्चार खर्च बापत मासिक क्रमशः रू. ५,०००/- र रू. ३०००/- प्रदान गरिनेछ । | समयानुकुल भत्ता तथा सुविधा परिमार्जन गर्नका लागि । |

३. वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई गाभ्न वा प्राप्ति (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

(ग) विविध

विविध अन्तर्गत यस नवौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागि सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिवले हस्ताक्षर गर्ने निर्णय समेत गरियो ।

१०. धन्यवाद ज्ञापन :

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने श्री नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत विभिन्न संघ-संस्था तथा व्यक्तिहरूलाई धन्यवाद दिने निर्णय गरियो । साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनीय योगदान पुऱ्याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरूलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

MERO MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. CORPORATE OFFICE, BATTAR, NUWAKOT Estd. 2069

११. कम्पनी सचिव श्री रामहरि दाहालले आजको यस नवौं वार्षिक साधारण सभामा समावेश विषयसूची अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको ब्यहोरा जानकारी गराउनु हुँदै आजको यस साधारण सभा समापन गरिदिनको लागि अध्यक्ष एवं सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

१२. विषयसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरू समाप्त भएको जानकारी प्राप्त भएपश्चात् अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उहाँहरूको अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । साथै नर्व निर्वाचित सञ्चालकहरूलाई हार्दिक बधाई दिंदै पुनः सञ्चालकमा निर्वाचित गराइदिनु भएकोमा सबैलाई हार्दिक आभार व्यक्त गर्नुभयो । त्यसैगरी आजको यस नवौं वार्षिक साधारण सभा शान्ति एवं सौहार्दपूर्ण वातावरणमा सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउने श्री नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, नेपाल प्रहरी, पत्रकार महानुभावहरू, बैंकका सञ्चालकहरू र सम्पूर्ण कर्मचारीहरू लगायत यस सभाहल उपलब्ध गराई सहयोग गर्ने होटल वाटर टावर, विदुर -४, बट्टार, नुवाकोटलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस नवौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

श्री रामहरि दाहाल
कम्पनी सचिव

श्री सन्जिब मानन्धर
अध्यक्ष

MERO MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. ★ CORPORATE OFFICE, BATTAR, NUWAKOT ★ Estd. 2069

सभा सम्पन्न मिति : २०७८ मंसिर २४ गते शुक्रबार तदनुसार डिसेम्बर १०, २०२१ ।